# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## सुरुङ्गा नगरपालिका
## सप्तरी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०७६।७७
च.नं. २७६

मितिः २०७७।३।२६

श्री नगर प्रमुखज्यू,
सुरुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सप्तरी ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६/०७७
च.नं १७५

मिति: २०७७।३।२६

श्री नगर प्रमूख ज्यू,
सुरुङ्गा नगरपालिका,
सप्तरी ।

विषय: लेखापरीक्षण प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले सुरुङ्गा नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.२ करोड ९७ लाख ७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८ लाख ९६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ५८ लाख ४९ हजार र नियमित गर्नुपर्ने रु.१ करोड २९ लाख ६२ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/११/३० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया तथा प्रमाण पेश हुन नआएवाट सोही बमोजिम वेरुजु कायम भएको व्यहोराको अन्तीम प्रतिवेदन पाना सत्ताईस (२७) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरपालिका प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

विन्दु विष्ट
नायब महालेखापरीक्षक

**परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । प्रदेश नं. २ मा अवस्थित यस नगरपालिका अर्न्तगत ११ वडा ६१ सभा सदस्य, १०७.०४ व.की.मी. क्षेत्रफल र ४४,२२१ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| आय तर्फ | | व्ययतर्फ | | |
|---|---|---|---|---|
| आयविवरण | यसवर्षको वास्तविक आय | व्ययशिर्षक | यसवर्षको यथार्थ व्यय रकम रु | बाकी मौज्दात |
| **गतवर्षकोजिम्मेवारी** | | | | |
| **बैक** | ५२,३१९,५६३।३६ | गतको बेक मौजात | ४२,१४५,७०७।३५ | १०,१७३,८५६।०१ |
| **नगद** | ११८,४८८।०० | | | ११८,४८८।०० |
| आन्तरीक आय | १८,१६८,२३९।०८ | | ८,१२९,९३३।०० | १०,०३८,३०६।०८ |
| **समानिकरण** | | **समानिकरण** | | |
| **सँघीय सरकार** | १३४,१००,०००।०० | **सँघीय सरकार** | ९४,५२३,९६८।०० | ३९,५७६,०३२।०० |
| प्रदेश सरकार | २,९५०,०००।०० | प्रदेश सरकार | | २,९५०,०००।०० |
| **राजश्व वाँडफाँड** | | **राजश्व वाँडफाँड** | | |
| सघीय सरकार | ७०,९४७,११२।२८ | सघीय सरकार | ६३,०२६,८६४।३४ | ७,९२०,२४७।९४ |
| प्रदेश सरकार | ३,७४५,०००।०० | प्रदेश सरकार | १,२११,७४८।०० | २,५३३,२५२।०० |
| **सशर्त अनुदान** | | **सशसर्त अनुदान** | | |
| चालु खर्च सँघीयसरकार | १७१,५४१,०००।०० | चालु खर्च सँघीयसरकार | १५९,७८२,३४४।६० | ११,७५८,६५५।४० |
| प्रदेश सरकार | १०,०००,०००।०० | **प्रदेश सरकार सशर्तअनुदान** | ७,७१५,१३७।०० | २,२८४,८६३।०० |
| **अन्यनिकायवाट अनुदान आय** | | **अन्यनिकायवाट अनुदान खर्च** | | |
| सामाजिकसुरक्षा भत्ता | ६३,८९३,८००।०० | सामाजिकसुरक्षा भत्ता | ६३,७९६,६००।०० | ९७,२००।०० |
| बहुक्षेत्रियपोषाण | १,७२९,०००।०० | बहुक्षेत्रियपोषाण | १,७२९,०००।०० | |
| युनिसेफनेपाल | १,६२४,०००।०० | युनिसेफनेपाल | ८२६,०९१।०० | ७९७,९०९।०० |
| प्रधानमन्त्रिरोजगार कार्यक्रम | १,९४१,८२५।५० | प्रधानमन्त्रिरोजगार कार्यक्रम | १,९४१,८२५।५० | |
| राष्टपतिचुरे सँरक्षण कार्यक्रम | ३५,६००,०००।०० | राष्टपतिचुरे सँरक्षण कार्यक्रम | ३३,५०४,६२१।०० | २,०९५,३७९।०० |
| तराईमधेश समृद्ध कार्यक्रम | १७,८७०,०३१।०० | तराईमधेश समृद्ध कार्यक्रम | १७,८७०,०३१।०० | |
| स्थानीयपुर्वाधार विकास साझेदारी | ९,९६०,०००।०० | स्थानीयपुर्वाधार वकास साझेदारी | ९,१३०,९००।०० | ८२९,१००।०० |
| क्षमता विकास कार्यक्रम | ३०४,८७५।०० | क्षमता विकास कार्यक्रम | ३०४,८७५।०० | |
| सडक वोर्ड नेपाल | २,५००,०००।०० | सडक वोर्ड नेपाल | २,५००,०००।०० | |
| झोलुगे पुल | ७१५,४८७।०० | झोलुगे पुल | ७१५,४८७।०० | |
| सवल नेपाल | ९८,३४५।०० | सवल नेपाल | ९८,३४५।०० | |
| | | धरौटी खाता | ८१५,६२१।५५ | |
| | | **अन्तिम मौज्दात** | | |
| **धरौटी खातामा कुलआम्दानी** | १,४४६,५१२।५५ | बैक मौज्दान | ९१,०६५,८८७।०२ | |
| | | नगद मौज्दात | १०७,४०१।४१ | |
| | | धरौटी खातामामौज्दात | ६३०,८९१।०० | |
| **कुल जम्मा** | **६०१,५७३,२७८।७७** | **कुल जम्मा** | **६०१,५७३,२७८।७७** | **९१,१७३,२८८।४३** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **सेवा प्रवाह :-** कुल ५१ दरवन्दी रहेको यस पालिकाले २६ जना कर्मचारी बाट ५२१३७ जनसंख्यालाई सेवा प्रवाह गरेको छ । २०७५।१२।९ मा पारित विनियोजन ऐन अनुसार रु. ६१०८४७८१०.०० को बजेट खर्च गर्ने अख्तियारी २०७५।१२।१० मा कार्यकारी अधिकृतलाई प्राप्त भएकोमा ८४.८९ प्रतिशत अर्थात रु. ५०८२०५६८२.८८ खर्च गरेको छ । रु १ करोड ८१ लाख ६८ हजार आन्तरिक राजस्व आम्दानी गरेको यस कार्यालयले नागरीकता सिफारिस १०२३, घरबाटो सिफारिस १२५३, नाता प्रमाणीत ६१८, जन्म तथा मृत्यू दर्ता १७३१ को गरेको छ । | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २. | **वजेट पेश गर्ने तथा पारित गर्ने** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले २०७५।३।१९ र १२।०९ मा रु. ६१०८४७८१०.०० को वजेट पारित गरेको छ । | |
| ३. | **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्षभित्र लागू गरी सक्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको स्थापना गरेको, जोखिम क्षेत्र पहिचान र नियन्त्रणका उपाय सम्बन्धमा छलफल समेत गरेको देखिदैन । मूल्यवान सवारी साधन राख्न उचित प्रवन्ध नगरेको, अख्तियार र जिम्मेवारी किटान गरी कर्मचारीको कार्यविवरण तयार नगरेको, भ्रमणमा खटाउनुपर्दा आवश्यकता र भ्रमण अवधिको एकिन गरी आवश्यक मात्रामा मात्र भ्रमण खटाउनुपर्नेमा त्यस तर्फ पुर्ण ध्यान नदिएको, कार्यालयको काम सम्बन्धमा आईपर्ने जोखिम पहिचान गरि मूल्यांकन गर्ने, सोको अद्यावधिक अभिलेख राखी जोखिमको रोकथाम तथा निराकरण गर्नका लागि आवश्यक संयन्त्रको व्यवस्था नगरेको जस्ता व्यहोरा देखिएका छन् ।त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई योजना तथा कार्यक्रम संचालनमा मितव्ययीता अपनाउँदै सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रीत गर्नुपर्ने देखिन्छ | |
| ४. | **वजेट तथा कार्यक्रम तर्जुमा**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । तर नगरपालिकाले सो अनुसार दोहोरोपन आउन नदिने गरी कार्यक्रम तय गरेको छैन । जस्तै मुखियाको टोलको सडकमा आर.सि.सि. ढलान कार्य रु. १७ लाख र मुखियाको टोलमा सडक स्तरउन्नती रु. १० लाख ५० हजारको २ वटा योजनाको कार्य एउटै उ.स. मलाह टोलमा आर.सि.सि( ढलान उ.स.-१० लाई एकमुष्ट भौ.नं. २८९ बाट रु. २६४७१०२.०० भुक्तानी गरेको छ । | |
| ५. | **कानून तथा कार्यविधि निर्माण** :- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(३) मा स्थानीय तहले निर्माण गरेका कानून स्थानीय राजपत्रमा प्रकाशित गर्नु पर्ने व्यवस्था र १०२(५) मा स्थानीय तहले निर्माण गरेका कानून स्थानीय राजपत्रमा प्रकाशित नगरे सम्म लागु नहुने व्यवस्था रहेको छ ।यस पालिकाले आर्थिक वर्ष २०७५।७६ मा देहायका ऐन नियम, कार्यविधि पारित गरेपनि राजपत्रमा प्रकाशन गरेको छैन । अत ऐन नियम, कार्यविधिहरुलाई राजपत्रमा प्रकाशन गर्नु पर्दछ ।<br><br>क्र.सं \| ऐन, नियम,कार्यविधिको नाम \| प्रमाणिकरण मिति<br>१ \| सुरुङ्गा नगरपालिकाका विनियोजन ऐन २०७५ \| २०७५/३/२४<br>२ \| सुरुङ्गा नगरपालिकाको आर्थिक कार्यविधि ऐन २०७५ \| २०७५/३/२४ | |
| ६. | **आन्तरिक ऋण**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम पालीकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । तर नगरपालीकाले यो वर्ष सो अनुसार ऋण लिएको छैन । | |
| ७. | **स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा जोड दिन | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट र कार्यान्वयनले उचित सार्थकता नपाउने हुदा नगरपालीकाले प्रभावकारी रुपले अभिलेख संकलन तथा व्यवस्थापन गर्नु जरुरी छ ।</td><td></td></tr>
<tr><td>८.</td><td>चौमासिक खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार कुल पुजीगत खर्च रु २१ करोड ६६ लाख ४८ हजार मध्ये प्रथम चौमासिकमा १९.०० प्रतिशत, दोश्रो चौमासिकमा ३५ प्रतिशत र तेश्रो चौमासिकमा ४६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा ३५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । अत सन्तुलित रुपमा वजेट खर्च गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>९.</td><td>कर्मचारी व्यवस्था : निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकामा रहने कर्मचारी दरवन्दी ५१ रहेकोमा संघिय सरकारवाट सरुवा भई आएका १२, साविक स्थानिय निकायका १४ समेत २६ जना कार्यरत रहेको देखियो । २५ पद रिक्त रहेका छन । ति मध्ये .. जना करारमा राखि कार्य संचालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नु पर्ने र आवश्यक भए पदपुर्ती गर्न कारवाही गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>१०.</td><td>सशर्त अनुदान :- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४, मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको र आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकालेखर्च नभई बाँकी रहेको रु. १७०६५००७.४० मध्ये रु. ५३०६३४२.०० पौष २९ गते र बाँकी रु. ११७५८६६५.४० मिति २०७६।०९।२९ मा मात्र संघीय सञ्चित कोषमा दाखिला गरेको छ ।<br>
<table>
<tr><th>अनुदानको किसिम</th><th>जम्मा अनुदान</th><th>खर्च</th><th>बाँकि (फिज हुनुपर्ने)</th></tr>
<tr><td>सामाजिक सुरक्षा</td><td>६९३८४०००.००</td><td>६३८९३८००.००</td><td>९७०००.००</td></tr>
<tr><td>प्रदेश सशर्त</td><td>१००००००००.००</td><td>७७१५१३७.००</td><td>२२८४८६३.००</td></tr>
<tr><td>राष्ट्रिपटि चुरे संरक्षण विकास समिति</td><td>३५६०००००.००</td><td>३३५०४६२१.००</td><td>२०९५३७९.००</td></tr>
<tr><td>स्थानिय पूर्वाधार साझेदारी कार्यक्रम</td><td>९९६००००.००</td><td>९१३०९००.००</td><td>८२९१००.००</td></tr>
<tr><td>संघिय सरकार सशर्त अनुदान</td><td>१७१५४१०००.००</td><td>१५९७८२३४४.६०</td><td>११७५८६६५.४०</td></tr>
<tr><td>एकिकृत सशर्त जम्मा</td><td>२९६,४८५,०००.००</td><td>२७४,०२६,८०२.६०</td><td>१७,०६५,००७.४०</td></tr>
</table></td><td></td></tr>
<tr><td>११.</td><td>बरबुझारथ : मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका गाँउविकास समितिको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२.</td><td>स्रोत नक्सांकन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>१३.</td><td>आर्थिक विवरण : नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्दछ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>१४.</td><td>उपभोक्ता समिति : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक गर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । त्यस्तै केही योजनाको सम्झौतामा उपभोक्ता समितिको पदाधिकारीको नाम मात्र राखी अन्य विवरण नभर्दा योजनाको वास्तविक बस्तुस्थिती चित्रण नहुने, लागत अनुमान मध्ये उपभोक्ताले व्यहोर्ने अंश उल्लेख नगर्दा जनश्रमदान १० प्रतिशत भयो भएन एकिन गर्न नसकिने, कार्य कहिले सुरु गरी कुन मितिमा सम्पन्न हुने हो थाहा नपाउने, नापी किताबमा आवश्यक विवरण नभरेका, लागत अनुमान स्वीकृत नगरेका जस्ता कारणले योजना भए गरेरै भुक्तानी भएको हो भन्न सकिएन । अतः यस्ता कार्यमा सुधार गरी भए गरेको कार्यलाई प्रमाणीत गर्नु पर्ने र प्रकृयागत रुपमा त्रुटी हुन नदिन कार्यालयले पहल गर्नु पर्दछ । जस्तै
<table>
<tr><th>गो.भा.नं. र मिति</th><th>उपभोक्ताको नाम</th><th>कार्य विवरण</th><th>कार्यालयवाट भुक्तानी रकम</th><th>कौफियत</th></tr>
<tr><td>८४-२०७६/०२/१४<br>१९७-२०७६/०३/२७</td><td>ग्रामीण विद्युतीकरण उ.स.३</td><td>विद्युत संरचना निर्माण</td><td>२६७७३९०</td><td>कार्य सम्पन्न प्रतिवेदन पेश नभएको</td></tr>
</table></td><td></td></tr>
<tr><td>१५.</td><td>कल्याण कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीकोलागि निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले कर्मचारी कल्याण कोष तथा अन्य कुनै पनि कोषको व्यवस्था गरेको छैन ।</td><td></td></tr>
<tr><td>१६.</td><td>वातावरणीय प्रभाव : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालीकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेको छैन । वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन र नदी सरसफाई पर्दछन् । यसरी वातावरण तथा विपत व्यवस्थापनमारु.११८२४०००।०० बजेट व्यवस्था गरी रु.६१०९०९५।०० खर्च गरेको भएतापनि प्रभावकारी कार्य भएको देखिएन ।</td><td></td></tr>
<tr><td>१७.</td><td>सरकारी तथा सार्वजनिक जग्गाको उपयोग तथा संरक्षण स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबायाका रुख, आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क वा अन्य संरचना, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन, संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार बाहेकको अन्य प्राकृतिक सम्पदा लगायतका सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेको देखिएपनी त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख तथा Digitizeगरी रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गरेको देखिएन ।साथै नगरपालिकाको सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख नराखिएको कारणबाट सार्वजनिक पर्तिको रुपमा रहेका जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे नरहेको र ऐनको दफा ९७ बमोजिम नगरपालिकाले सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै ब्यहोराले हक हस्तानतरण गर्न लिजमा दिन नपाउने ब्यबस्था भएपनि सार्बजनिक जग्गा कसैले उपयोग गरे नगरेको एकिन हुने अवस्था देखिएन ।</td><td></td></tr>
<tr><td>१८.</td><td>करदाताको अभिलेख : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र ब्यापार, ब्याबसाय वा सेवामा पुजिगत लगानी र आर्थिक कारोवारको आधारमा ब्यबसाय कर लगाउने ब्यबस्था छ । त्यस्तै ऐनको दफा ५५,५६,५७,५९,६०,६१ र ६२ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गामा सम्पत्ति</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>कर, जग्गाको उपयोगमा भुमिकर(मालपोत), कुनै व्यक्ति वा संस्थाले भवन, घर,पसल,ग्यारेज, गोदाम, टहरा,छप्पर,कारखाना,जग्गा वा पोखरी वहालमा वहाल कर,आफुले निर्माण, रेखदेख र संञ्चालन गरेको हाट बजार, पसल र जग्गामा वहाल विटौरी शुल्क, पार्किङ शुल्क, जडिबुटी, कवाडी र जिबजन्तु कर, सेवा शुल्क आदी लगाउन सक्ने ब्यबस्था भएपनि करदाताको अभिलेख ब्यबस्थित रुपमा राखेको पाइएन ।</td><td></td></tr>
<tr><td>१९.</td><td>व्यवसाय कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा नगरपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । नगरपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२०.</td><td>मनोरञ्जन कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा नगरपालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको पाईएन । यस नगरपालीकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१.</td><td>आय असुलीको तुलनात्मक अवस्था : पालिकाले यस वर्ष आन्तरिक आय रु २ करोड ५५ लाख १ हजार अनुमानित गरेकोमा अनुमानित आयको ८५.९४ प्रतिशत अर्थात रु २ करोड १९ लाख १७ हजार असुलि गरेको छ । लक्ष्य निर्धारण भएका कुन कुन शिर्षकमा के कती असुली भएको हो विवरण पेश गरेको छैन । घटी असुली भएको कारणहरु विश्लेषण गरी सुधारका उपायहरु अबलम्बन गरेको पाइएन । थप राजश्व असुली गर्न पहल गर्नु पर्दछ । असुली भएको रु २१९१७६८१।०८ मध्ये विभाज्य कोष को ४० प्रतिशतले हुने रकम रु ३७४९४४२।०० प्रदेश लेखा नियन्त्रकको कार्यालयमा बुझाएकोले आन्तरिक आय रु १८१६८२३९।०० हुन्छ ।</td><td></td></tr>
<tr><td>२२.</td><td>रसिद नियन्त्रण खाता :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्टगरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । पालिकाले प्रत्येक वडालाई रसिद वितरण गर्दा रसिद नं. स्पष्टहुने गरी रसिद नियन्त्रण खातामा अभिलेख राखी वडागत रुपमा छुट्टाछुट्टै अभिलेख राख्नु पर्दछ र बाँकी रहेको रसिद अर्को आर्थिक वर्षको लागि अल्या सार्नु पर्दछ । तर पालिकाले बाँकी रसिदको अल्या सारेको पाइएन ।</td><td></td></tr>
<tr><td>२३.</td><td>विद्युतिय रसिद :- साथै आम्दानी बाध्नलाई खरिद गरेको रसिदहरु रद्ध भए तापनि राखिराख्नु पर्दछ र सो ससिद मा नै काट्नु पर्दछ । यस पालिकाले आय लेखा सफ्टवेरको लागि प्रयोग गरिने रसिद नं.१५००० वटा खरिद गरेको छ । सो कुन वडामा कति रसिद बाडियो भन्ने अभिलेख भएता पनि कति रसिद आर्थिक वर्ष २०७५।७६ मा प्रयोग भयो र कति बाँकी छ भन्ने अभिलेख राखेको पाइएन । बाँकी बचेको रसिद एकिन गरी यो आर्थिक वर्ष २०७६।७७ मा अल्या सार्न तर्फ पालिकाले ध्यान दिनु पर्दछ । पालिकाको नमुना छनोटबाट परीक्षण गरीएका वडा नं. ५, १० र राजस्व शाखाको रसिद मध्येनिम्न रसिदहरु हराएको पाईयो । पालिकाले रद्ध भएको रसिद पनि राखेको पाइएन । सो रसिद को अभिलेख पनि नभएकोले के कति राजस्व उठ्यो भन्ने एकिन हुन सकिएन । नभेटिएका सरिदहरुका केही उदाहरणहरु :<br>
<table>
<tr><th colspan="2">मिति</th><th colspan="2">रसिद नं.</th></tr>
<tr><th>देखि</th><th>सम्म</th><th>देखि</th><th>सम्म</th></tr>
<tr><td>२०७६/०१/०१</td><td>२०७६/०१/०८</td><td>११५१५</td><td>११५२०</td></tr>
<tr><td>२०७६/०१/१६</td><td>२०७६/०२/०९</td><td>११५२९</td><td>११५८०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२४.</td><td>राजश्वको सफ्टवेयर :- नगरपालिकाले राजश्व असूलीलाई व्यवस्थित बनाउन साङ्ग्रीला माइक्रोसिस्टम प्रा.लि. ले तयार गरेको 'आय लेखा' सफ्टवेयर प्रयोगमा ल्याएको भएता पनि पुर्ण रुपमा सुरक्षित रुपले सफ्टवेयर प्रयोग गरेको देखिएन । राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थित र सुरक्षित गर्ने तर्फ पालिकाले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २५. | **राजस्व आम्दानी को दैनिक अभिलेख :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम १० मा राजस्व आम्दानीको अभिलेख महालेखापरीक्षकको कार्यालयबाट तोकेको ढाँचामा लेखा अद्यावधिक गरि राख्नुपर्ने व्यवस्था छ । राजस्व आम्दानीको दैनिक अभिलेखको लागि महालेखापरीक्षकको फारम नं. १०८ को व्यवस्था भएकोमासो को अभिलेख शिर्षकगत रुपमा राखेको पाईएन । | |
| २६. | **नगद दाखिला :-**आर्थिक कार्यविधि नियमित तथा ब्यबस्थित गर्न बनेको ऐन २०७४ को दफा १३ मा जिम्मेवार ब्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदको हकमा सोहि दिन वा भोलिपल्ट तोकिएको बैक खातामा दाखिला गरी श्रेस्ताखडा गनुपर्ने ब्यबस्था छ। त्यस्तै सोहि दफामा दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिबाना गरी दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिला गरेको भए २५ प्रतिशत जरीवाना गरी नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार निजमाथि विभागीय कारवाही सम्म गर्न सक्ने ब्यबस्था छ । पालिकाले नियमानुसार समयमा आम्दानी राजश्व खातामा दाखिला गरेको नदेखिएकोले समयमा दाखिला गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| २७. | वडा नं. ५ को सचिव दिपेन्द्र प्रसाद शाहले यस आर्थिक वर्षमा विभिन्न शिर्षकमा उठाएको राजस्व मध्ये रु. १०००.०० घटि दखिला गरेकोले दाखिला हुनुपर्ने रु.. | १०००.०० |
| २८. | **आन्तरिक आम्दानी**: बार्षिक कार्यक्रमका हरेक आम्दानि खर्चका शीर्षकहरुलाई बर्गिकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरे बमोजिम गर्नु पर्ने व्यबस्था भएपनि नगरसभाबाट स्विकृत बार्षिक कार्यक्रमको आम्दानि खर्चका प्रत्येक शिर्षकलाई नगरपालिकाले लेखाङ्कन गर्दा राखेका शिर्षकहरु संग भिडान हुने गरी नेपाल सरकारले निर्धारण गरे बमोजिम गर्नु पर्नेमा आम्दानी खर्च लेखाङ्कन गर्दा आम्दानी खर्चका शिर्षकहरु सोझै भिडान हुने गरेको पाईएन । | |
| २९. | **आय ठेक्कामा मुअकर**: मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ (३) मा स्थानिय तहले मुल्य अभिबृद्धि कर लाग्ने बस्तु वा सेवा बिक्रि गर्दा कर असुल उपर गनुपर्ने ब्यबस्था छ । नगरपालिकाले देहायका आय ठेक्कामा कार्यपालीकाको बैठकबाट समेत ब्यबसायीले कबोल गरेको रकमलाई मुअकर सहित कबोल रकम मानी ठेक्का लगाउनु पर्नेमा मु.अ.कर असुल नगर्ने गरी ठेक्का लगाएकोले संघिय सरकारलाईनिम्नानुसार रु १२१८५६७६३ घटी राजश्व असुली भएको छ । | |

| आय ठेक्काको नाम | ठेक्का ब्यबसायीको नाम | सम्झौता मिति | कबोल रकम मु.अ.कर बाहेक | सम्झौता रकम मु.अ.कर बाहेक | दाखिला नभएको मुअकर |
|---|---|---|---|---|---|
| सिशवारी खोला ढुङ्गा गिट्टी बालुवा निकासी | जयदुर्गा कन्स्ट्रक्सन | २०७५/०९/३ | २५५५५५५१ | २५५५५५५१ | ३३२२२१.६३ |
| चहका खोला गिट्टी बालुवा ढुङ्गा | सघर्ष नि.से. | २०७५/०९/०२ | ५५५५५५५५ | ५५५५५५५५ | ७२२२२२.१५ |
| बलान खोला | भोला प्रसाद यादव | २०७५/१०/२७ | १७६०००० | १२६२४९१.२० | १६४१२३.८५ |
| जम्मा | | | | | **१२१८५६७.६३** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३०. | **ढुङ्गा, गिटी, बालुवाको परिमाण**:चहका खोला, वलान खोला र सिसुवारी खोलाको ढुङ्गा,गिटी,बालुवा ठेक्का सम्झौताको बुदा ८ मा सम्झौतामा तोकेको परिमाणभन्दा बढी ढुङ्गा,गिटी,बालुवा उठाउन नपाइने उठाएमा प्रचलित कानुन बमाजिम कारबाही गरिने उल्लेख छ । ठेक्का ब्यबसायीले सम्झौता बमोजिम ढुङ्गा,गिटी,बालुवा निकासीको परिमाण नगरपालीकामा अभिलेख भएको नदेखिएकोले सम्झौताको पालना नहुनुका साथै प्राकृतिक साधनको उचित सदुपयोग हुने अबस्था रहेन । | |

| आय ठेक्काको नाम | ठेक्का ब्यबसायीको नाम | सम्झौता मिति | आइ.इ.इमा क्षमता परिमाण | आइ.इ.इमा उत्खनन गर्न सकिने परिमाण | सम्झौता परीमाण ( घ.मि.) | निकासी परीमाण |
|---|---|---|---|---|---|---|
| सिशवारी खोला ढुङ्गा गिट्टी बालुवा निकासी | जयदुर्गा कन्स्ट्रक्सन | २०७५/०९/३ | | | १८९१५ | IEE पेश |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| चहका खोला गिट्टी बालुवा ढुङ्गा | सघर्ष नि.से. | २०७५/०९/०२ | | | ३७८२९ | नभएको अभिलेख नराखेको |
| बलान खोला | भोला प्रसाद यादव | २०७५/१०/२७ | | | १४०२७.८६ | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३१. | **विद्युतिय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई २०७५।४।१ देखि सबै पालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सफ्टवेयरले पेश्कि रकमलाई दोहोरो वजेट खर्च देखाउने, भौचरहरु सहज तरिकाले परिमार्जन गर्न मिल्ने देखिएकोले विद्युतिय प्रणालीमा राखिएको लेखा भरपर्दो देखिएन । | |
| ३२. | **सुशासन ऐन तथा सूचनाको हक कार्यन्वयन अवस्था** सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सार्वजनिक निकायले आफ्नो निकायसंग सम्बन्धित विभिन्न सूचनाहरु प्रकाशन गर्नुपर्ने व्यवस्थाका साथै, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा सरकारी निकायले आफूले एक आर्थिक वर्षभरी सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र प्रगति तथा लागत लगायतका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने प्रावधान रहेकोछ । यि प्रावधान अनुसार नगरपालीकाले आ.व. २०७५/७६ मा गरेका कार्यहरु समेटेर वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरेको र वेभसाइडमा अपलोड गरेको छैन । | |
| ३३. | **सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । सो अनुसार (वडा नं.४,५,११ र नगरकार्य पालिकाले सम्पादन गरेको कार्यको) सार्वजनिक सुनुवाई गरेको छैन । | |
| ३४. | ४२७-२०७६।०३।३१ नगरपालिकाका सबै वडा तथा नगर कार्यपालिकाले सम्पादन गरेका कामको सार्वजनिक सुनुवाई गर्न लोककल्याण नेपाललाई मिति २०७६।०२।०९ को सम्झौता अनुसार रु. ४६००००.०० भुक्तानी दिएकोमा वडा नं. ४,५,११ तथा नगर कार्यपालिकाले सम्पादन गरेका कामको सार्वजनिक सुनवाई गरेको पाइएन नगरेको कामको सोही अनुपातमा घटाई भुक्तानी दिनुपर्नेमा पुरै रकम भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु. १६६६६६.६४ असूल गरी दाखीला हुनुपर्ने रु. | १६६६६६.६४ |
| ३५. | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले यस्तो कार्य कार्यन्वयनमा ल्याएको छैन । जस्तैः जनजाती जनचेतना अभिवृद्धि, जेष्ठ नागरीक सम्मान कउषक भ्रमण मेयर गोल्ड कप जस्ता साल बसाली कार्यमा समेत बजेट विनियोजन गरी खर्च गरेको छ । | |
| ३६. | **आन्तरीक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) तथा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) मा प्रत्येक कार्यालयले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । त्यस्तै नियमावलीको नियम ९६ वमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा खडा भएको कार्य सञ्चालन कोष तथा अन्य कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्दछ भन्ने व्यवस्था रहेको छ । तर यस कार्यालयले आन्तरिक लेखापरीक्षण गराएकोमा प्रभावकारी छैन । | |
| ३७. | **सभाको निर्णय कार्यान्वयन** - मिति २०७५।११।०९ मा सम्पन्न तेस्रो नगर सभाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को फलोअप रजिष्टरमा अभिलेख राखेको छैन । सो सभाबाट पूजीगत तर्फ रु. २६ करोड ९७ लाखको २२९ योजना र चालु तर्फ रु. ३४ करोड ११ लाखको ३६८ योजना संचालन गर्ने लक्ष्य राखेको छ । सो रकम वाट के कस्ता कति योजना सन्चालन र सम्पन्न भए पालिकाले फलोअप रजिष्टर नराखेकाले योजनाको विश्लेषण गर्न सकिएन । त्यस्तै भैपरी तथा समपुरक कोषमा प्रदेशको समेत रु ७५ लाख वजेट विनियोजन गरेकोमा सो वाट के कति कार्य सम्पन्न भयो विवरण पेश हुन आएन । पालिकाले अभिलेख नराखेकोले वास्तविक योजना कार्यन्वयनको विश्लेषण गर्न सकिएन । | |
| ३८. | **ब.उ.शि.नं. ८०१७६९३ (अन्तर सरकारी वित्तिय हस्तान्तरण) चालु** | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **वैठक भत्ता:** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ४ मा न्यायिक समिति वा कुनै समितिको वैठकमा भाग लिएवापत अनुसुचि १ मा उल्लेख भएको दरले मात्र भत्ता लिनुपर्ने साथै सो अनुसुचिमा उल्लेख भएका समिति वाहेक अन्य वैठकहरुमा भत्ता लिन नपाउने व्यवस्था छ । पालिकाका पदाधिकारीहरुलाइ वैठकमा भाग लिए वापत देहाय भौचरबाट कानुन विपरित वैठक भत्ता भुक्तानी भएकोले उक्त ऐनमा व्यवस्था नभएको भत्ता भुक्तानी कार्य नियमित मान्न नसकिएको रु.. | ४५०००.०० |

| गो.भौ.नं /मिति | बिबरण | वापत | बैठकभत्ता |
|---|---|---|---|
| ४५१-२०७६/०३/३१ | न्यायिक समितिका पदाधिकारीको बैठक | ५ पदाधिकारी ४५ वटा बैठक बापत भत्ता | ४५०००.०० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३९. | **सफ्टवेयर खरिद, निर्माण तथा प्रमाणिकरण :** नेपाल सरकारको सूचना प्रविधि प्रणाली(व्यवस्थापन तथा संञ्चालन) निर्देशिका, २०७१ को बुदा ४ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट संञ्चालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणाली निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न केन्द्रीय निकाय मार्फत सुचना प्रविधि विभागमा पठाउनुपर्ने, प्राप्त भएको कागजका आधारमा प्राविधिक समितिबाट जाँचबुझ गराई मानक बमोजिम पाइएमा विभागले तीस दिनभित्र प्रमाणीकरण गर्ने व्यवस्था छ । स्थानीय तहले प्रयोगमा ल्याएको कम्प्युटर सफ्टवेयर आफ्नो कार्यसम्पादन, सेवाप्रवाह, लेखा तथा प्रतिवेदनको लागी प्रयोग गर्दा विभागबाट प्रमाणीकरण नगराइ प्रयोगमा ल्याउने गरेको पाईएको छ । विभागबाट प्रमाणीकरण नगराइ सफ्टवेयर प्रयोगमा ल्याउदा युजरलगको व्यवस्था, डिजिटल हस्ताक्षर मैत्रि (PKI Software Enabled) समेत सूविधा नहुने हुदा Governmentent Enterprise Architecture आधारित स्वीकृत मापदण्डको सफ्टव्यर नहुने देखिन्छ । मापदण्ड वेगरका यस्ता सफ्टवेयरहरु प्रयोग गर्दा कार्य गुणस्तरिय नहुने र कतिपय अवस्थामा यथार्थ आम्दानी खर्चको हिसाव नभएको समेत देखिएको छ । नगरपालिकाले सफ्टवेयर प्रयोग गर्दा कानूनअनुसार प्रमाणीकरण तथा स्वीकृत गराएको सफ्टवेयर प्रयोग गरीनुपर्दछ । | |

| ब.उ.शि.नं | गो.भौ.नं /मिति | आपुर्ति कर्ता | सफ्टवेयर | खर्च रकम |
|---|---|---|---|---|
| समानिकरण चालु | १८-२०७५/०६/१२ | सांग्रिला माइक्रो सिस्टम प्रा.ली. | व्यवसाय कर तथा पि.आई.एस | ४४९८९० |
| समानिकरण चालु | | ई.को.प्लस प्रा.लि. अनामनगर | आय लेखा सम्पतीकर | २६८३७५ |
| समानिकरण चालु | ३९०-२०७६/०३/२५ | बार्बदिया इन्जिनेरिङ्ग कन्सल्टेन्ट | कर्मचारी व्यावस्थापन प्रणाली | ४९८००० |
| | | जम्मा | | **१२१६२६५** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४०. | **संस्थासँगको कारोबार :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले मू.अ.करमा दर्ता भएकोसँग मात्र काम गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसार दर्ता नभएको संस्था सँग दरभाउपत्र, कोटेसन तथा सिधै काम गराई भुक्तानी दिएको देखियो । यसरी भुक्तानी दिदा उक्त संस्थाले विजक जारी नगरी अन्य संस्थाको बिल भरपाई सम्लग्न गरी भुक्तानी लिएको देखियो । यसरी काम गराउने कार्य नियमसंगत नदेखिदा नियन्त्रण गर्नुपर्ने देखिएको साथै कर विजक जारी नगरेको अवस्थामा भुक्तानी रकमको १५ प्रतिशतले कर कट्टी गर्नुपर्नेमा निम्नानुसार घटी कर कट्टी गरेको रु. | ३३६८४६.०० |

| गो.भौ.नं. र मिति | सपरामर्श दाता | कामको विवरण | भुक्तानी रकम | कट्टी गरेको कर | कट्टी गर्नुपर्ने कर | नपुग कर |
|---|---|---|---|---|---|---|
| ४६-२०७५/०६/२८ | महिला बालवालिका तथा युवा शशक्तीकरण नेपाल, सप्तरी | प्राकृतीक विपत्ती विरुद्ध पूर्ण तयारी अभिमुखिकरण | २००००० | ९१६२ | ३०००० | २०८३८ |
| ११७-२०७५/०९/१९ | परिवर्तन मानव विकास समाज सप्तरी | टोल विकास संस्था गठन क्षमता विकपास | २८७२२४ | १२७७६ | ४३०८४ | ३०३०८ |
| १४६-२०७५/१०/१७ | समाज विकास क्रियासील नेपाल, सप्तरी | लुगाधुने सरफ बनाउने तालिम | ५००००० | २१८७० | ७५००० | ५३१३० |
| ३४५-२०७६/०३/१६ | नवजागृती नेपाल राजविराज | कर्मचारीहरुलाई प्रस्तावना, प्रतिवेदन लेखन तालिम | २००००० | ९०१८ | ३०००० | २०९८२ |
| ४१४-२०७६/०३/३० | जन चेतना दलित संगम मधुपट्टी | हखाचखा उत्थान नेतृत्व विकास तालिम | ६०००० | २२९५ | ९००० | ६७०५ |
| ४१९- | महिला विकासका लागी सहयोगि | महिला हिंसा सम्बन्धि अभिमुखिकरण | २९९००० | १८८०७ | ४४८५० | २६०४३ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०७६/०३/३० | हातहरु राजविराज | | | | | |
| ४२०-२०७६/०३/३१ | गान्धी कोइराला शान्ती प्रतिष्ठान | न.पा. भित्रका सहकारी कर्मचारी तथा पदाधिकारीलाई लेखा तालिम | २९८२०४ | ९६८९ | ४४७३१ | ३५०४२ |
| ४२१-२०७६/०३/३१ | राष्ट्रिय महिला समाज नेपाल | मैनवत्ती बनाउने तालिम | २७४९८० | ७९९६ | ४१२४७ | ३३२५१ |
| ४२४-२०७६/०३/३१ | नेपाल पिछडा वर्ग महासंघ नेपाल | नेतृत्व तथा क्षमता विकास तालिम | २६३०२४ | १८८९४ | ३९४५४ | २०५६० |
| ४२८-२०७६/०३/३१ | नारी विकास बहुउद्देश्यीय स.स.ली. कुसाहा | आयमुलक सिप मुलक तालिम | २००००० | १५६१० | ३०००० | १४३९० |
| ४४४-२०७६/०३/३१ | सेग द नेपाल सप्तरी | नगरवासीको मोवाइल नम्बर सहितको नामावली तयारी | ३५०००० | १५८०० | ५२५०० | ३६७०० |
| ४५३-२०७६/०३/३१ | सेग द नेपाल सप्तरी | कृष्टल गहना बनाउने तालिम | २७४७५० | २३१४ | ४१२१३ | ३८८९९ |
| जम्मा | | | ३६६७१८२ | १४४२३१ | ४८१०७७ | ३३६८४६ |

४१. **कार्यान्वयन :-** कार्यालयले यो वर्ष विभिन्न उद्देश्यले अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गरी सुझाव प्राप्त गर्न विभिन्न परामर्श दाताहरु छनौट गरी सम्झौता गरेको छ । सम्झौतामा उल्लेखित रकम भुक्तानी गरी प्रतिवेदन लिएको पाइयो । प्राप्त प्रतिवेदन उपरको कार्यन्वयन अवस्था खुलाएको छैन । प्रतिवेदनको सुझावहरु कार्यन्वयन नगरेको अवस्थामा खर्चको औचित्य पुष्ट्याई गरिनु पर्दछ ।

| गो.भौ.नं. र मिति | सपरामर्श दाता | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २१६-२०७५/१२/०६ | एस के विशेषज्ञ सेवा | स्वास्थ्य सेवा संचालन तथा व्यवस्थापन कार्यविधि | ९९४४० |
| ३४-२०७५/०६/२६ | मनोरम रिसर्च सेहर प्रा.लि. | भवन निर्माण मापदण्ड तथा नक्सापास कार्यविधि | ४९६०७० |
| ३४-२०७५/०६/२६ | इन्ट्रिगेटेड स्टडिज एण्ड रिसर्च सेन्टर काठमाण्डौं | विद्यालय शिक्षा, योजना प्रकृया, मेलमिलाप नगर प्रहरी संचालन, करार नियुक्ती, स्वास्थ्य संस्था संचालन कार्यविधि मस्यौदा तयारी | ४९६६३५ |
| १४७-२०७५/१०/१८ | एस के विशेषज्ञ परामर्श सेवा | कृषि बजार संभाव्यता अध्ययन प्रतिवृदन | ३९७७६० |
| २३४-२०७५/११/१२ | सार्व रिसर्च सेनटर अनामनगर | प्रि फेसिक्लीटी स्टडी अप सेनिटरी ल्याण्ड फिल्ड साइड अप सुरुङ्गा न.पा. | ४९६९१६ |
| १०९-२०७६/०३/२९ | उपमन्यू परामर्श सेवा प्रा.ली | उर्जा सम्बन्धि संम्भाव्यता अध्ययन | २९९४५० |
| | | जम्मा | २४९०१५१ |

४२. **अधिक मौज्दात रहनेगरी सामान खरिद :-** सार्वजनिक खर्च मितब्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी मार्गदर्शन २०७५ को बुदा ५ मा सार्वननिक निकायहरुका लागि आवश्यक पर्ने वस्तु तथा सेवाको आपूति ,भण्डारण ,वितरणलाई पारदर्शि मितव्ययी र अनुमान योग्य वनाउनुपर्ने उल्लेख भएकोमा वर्षान्तमा सवै मौज्दात रहने गरि गरेको निम्न खरिद प्रकृया मितब्ययिता र प्रभावकारीता तथा अनुमान योग्य हुन सकेको नदेखिएकोले यस्ता कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| गो.भौ.नं. र मिति | आपूर्तक | सामान | परिमाण | मुल्य | ले.प.अवधिसम्म बाँकी परिमाण |
|---|---|---|---|---|---|
| ३६-२०७६/०३/२७ | रितिका ट्रेड एण्ड सप्लायर लहान | सम्पत्ती कर फारम | १५०००थान | १२५००० | १०३००थान |
| ३९८-२०७६/०३/२७ | हिमाल इन्जिनियरीङ | त्रीपाल | २००थान | ३९०९८० | ३५ थान |
| | | जम्मा | | ५१५९८० | |

४३. **अवलोकन भ्रमण :-** पूजी निर्माण क्षमता विकासा रोजगारी सृजना तथा व्यवसाय प्रवर्द्धन हुने खालका कार्यक्रमहरुमा प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन निकासा तथा खर्च गर्नुपर्नेमा पूजी निर्माण नहुने सिप तथा क्षमता विकास नहुने रोजगारी सृजनामा भुमिका नखेल्ने पूजी निर्माण नहुने वितरणमुखी प्रकृतिका अवलोकन भ्रमणहरुमा खर्च गरेको पाइयो । यसबाट पूजी निर्माण क्षमता विकास रोजगारी सृजनामा प्रभाव पार्न सक्ने देखिदैन । तसर्थ यस्ता खर्चहरु न्यूनिकरण गरिनु पर्दछ ।

| गो.भौ.नं. र मिति | भ्रमणमा संलग्न | स्थान | भ्रमण अवधी | खर्च रकम |
|---|---|---|---|---|
| १०५-२०७६/०९/१९ | बाल सञ्चालका २९ जना र उपप्रमुख | पोखरा लुम्बिनी | २०७५/८/२८-९/१२ | ३४९००० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| | ३०९-२०७६/०२/०२ | वडा नं. १ वडा अध्यक्ष कर्मचारी र कृषकहरु | मकवानपुर देवघाट सौरहा | | १५०००० | |
| | ४१२-२०७६/०३/३० | उप मेयर, नपा महिला सदस्य पदाधिकारी २१, कर्मचारी १४ | सुन्दर हरैचामोरङ्ग, तहरा, इलाम | २०७६/०३/२५-३/२६ | २८०००० | |
| | ३४६-२०७६/०३/३० | कृषक समुह कृषि शाखाका कर्मचारीहरु | मोरङ झापा | २०७६/०२/२९-१/३१ | २२५००० | |

४४. **खरिद योजना** :-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ उपनियम(१)मा सार्वजनिक निकायले बार्षिक दशलाख रुपैया भन्दा बढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यबस्था छ ।त्यस्तै सोहि नियमको उपनियम(५)मा सार्वजनिक निकाय प्रमुखले चालु आ. व.को स्विकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि सो अनुरुप यो नियम बमोजिम तयार भएको बार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गनुपर्ने ब्यबस्था छ । पालिकाको कार्यालय सञ्चालन र मसलन्द तथा कार्यालय सामाग्रीमा बार्षिक बजेट रु. ४६६०३४५.०० स्विकृत भएपनि बार्षिक खरिद योजना तयार नगरी पटक पटक टुका खरिद गरी रु ४५७२२०७.०० खर्च गरेको छ । कानून बमोजिम बार्षिक खरिद योजना तयार गरी खरिद कार्य गरिनुपर्दछ ।

४५. **स्थानीय तहका पदाधिकारी सुविधा:** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं २ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार यस नगरपालिकामा देहाय बमोजिम रु. ९०८४०००।०० सुविधावापत भुक्तानी भएको छ ।

| विवरण | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष ११ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ३९ जना | जम्मा वार्षिक |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा | ३५००० | ३१००० | २२००० | २२००० | ७००० | ९०८४००० |
| बार्षिक | ४२०००० | ३७२००० | २९०४००० | २११२००० | ३२७६००० | |

४६. **अनुगमन भत्ता** :- ४३९।२०७६।३।३१स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ ले स्थानीय तहको योजनाहरु अनुगमन गरे बापत पाउने पारिश्रमिक सम्बन्धी स्पष्ट व्यवस्था गरेको छैन । तर पालिकामा१२ जना कर्मचारी तथा पदाधिकारीले १४५ पटक अनुगमन गरेको भनी यातायात खर्च रु ५८०००।०० र सोको बैठक भत्ता (कर कट्टा पछिको) रु६१६२५।०० समेत रु ११९६२५।०० अनुगमन भत्ता भुक्तानी गरेको छ । यसरी कानुनमा अनुगमन भत्ता सम्बन्धी स्पष्ट व्यवस्था नभएको अवस्थामा समेत अनुगमन गर्दाको यातायात र बैठक भत्ता खर्च लेख्ने आधार नदेखिएको रु ११९६२५.००

४७. **कर्मचारी अतिरिक्त समय खर्च**: ४४६,४४७-२०७६।०३।३१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ मा स्थानीय तहका कर्मचारीको सेवासुविधा प्रदेश सरकारले तोकेवमोजिम हुने र प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने उल्लेख छ । कार्यालयले यस वर्ष आन्तरिक श्रोतवाट नगर सभाको निर्णय अनुसार नेपाल सरकार तथा प्रदेश सरकारले व्यवस्था गरेको भन्दा बाहेक प्रोत्साहन भत्ता (अतिरिक्ति समय भत्ता) समेत देहाय बमोजिम रु ५५६९७३.०० खर्च लेखेको देखियो । नेपाल सरकारले कर्मचारीलाई कार्य गरेवापत मासिक तलव भत्ताको व्यवस्था गरेकोमा बिभिन्न प्रकृतिका भत्ता तथा अतिरिक्त समय कार्य गरी भत्ता वापत खर्च लेख्न मिल्ने कानुनी आधार नदेखिएकोले यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ ।

| ब.उ.शि.नं | गो.भौ.नं /मिति | बिबरण | अवधि | वापत | भत्ता |
|---|---|---|---|---|---|
| आन्तरिक चालु | ४४७-२०७६/०३/३१ | नगर कार्यपालिकामा कार्यरत १६ कर्मचारी | २४ देखि १२५ दिन | अतिरिक्त समय काम | ३२४७४३ |
| आन्तरिक चालु | ४४६-२०७६/०३/३१ | चौथो नगर शभामा खटिएका ९ कर्मचारी | ३० दिन | अतिरिक्त समय काम | २३२२३० |
| | | | | **जम्मा** | **५५६९७३** |

४८. **घटी बिल भरपाई** :- ३८४-२०७६।०३।२४ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा खर्च गरी बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । पालिकाले बालमैत्री स्थानिय सासन तथा ब्यूटीपार्लर तालिम तर्फ वडा सचिव पूर्णराज वरालको पेश्की फछ्र्यौट गर्दा क्रमश रु. १४००००.०० र रु. १२४,०००.०० गरी रु.

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>२६४,०००.०० खर्च लेखेकोमा बालमैत्री स्थानिय शासन तर्फ रु. १२२६५० र ब्यटीपार्लर तालिम तर्फ रु. ११६४००.०० गरी २३९०५०.०० को मात्र बिल भरपाई पेश गरेकोले बिल भरपाई भन्दा बढी खर्च लेखेको रु. २४९५०.०० असूल गरी दाखीला हुनुपर्ने रु.</td><td>२४९५०.००</td></tr>
<tr><td>४९.</td><td>कानुनी सल्लाहकार :- कार्यालयले स्वीकृत दरवन्दीका कर्मचारीहरुको मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ । साथै प्रदेश २ अर्न्तगत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा पालिकाको प्रमुख एवम उप प्रमुखको सचिवालयको लागि थप कर्मचारी नियुक्त गरी तलव भत्ता भुक्तानी दिन मिल्ने व्यवस्था छैन । पालिकाले कमल बहादुर कार्कीलाई मासिक रु. ३०,५००.०० दिने गरी नियुक्त गरी यो वर्ष सेवा परामर्शवाट रु ३६६,०००.०० भुक्तानी गरेको छ । स्वीकृत दरवन्दी वेगर कानुनी सल्लाहकारको पारिश्रमिक खर्च लेख्ने आधार देखिएन । तसर्थ कानुनी तथा नीतिगत एवं दरवन्दि व्यवस्था गरेर मात्र नियुक्ति गरी खर्च लेख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५०.</td><td>घरभाडा :- ३८८-२०७६।०३।११ कार्यालयले यो वर्ष बालकृष्ण चौधरी सँग सम्झौता गरी २०७५ श्रावण देखि २०७६ असार सम्मको घरभाडा प्रति महिना रु. ४१५००.०० का दरले १२ महिनाको रु. ४९८०००.०० र पानि बिजुली समेत रु. ५३०,३८३.०० भुक्तानी गरेको छ । भाडा के कसरी निर्धारण भएको हो भन्ने सम्बन्धमा घरभाडा निर्धारण समितिको निर्णय पेश हुन नआएकोले निर्णय पेश हुनुपर्ने रु.</td><td>५३०३८३.००</td></tr>
<tr><td>५१.</td><td>वितरणमुखी खर्च: पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा नगरपालीकाले आर्थिक सहायता उपलब्ध गराएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पूँजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्च लाई निरुत्साहित गर्न आवश्यक देखिन्छ । यस्ता संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत छैन । यस्ता कार्यक्रम तथा अन्य कार्यालयको खर्चमा न्यूनिकरण गर्दै नियन्त्रण हुनु पर्दछ ।
<table>
<tr><th>ब.उ.शि.नं</th><th>गो.भौ.नं, मिति</th><th>नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>नगरपालिका चालु</td><td>८६-२०७५/०९/०६</td><td>थारु कल्याणकारी सभा</td><td>सम्मेलन</td><td>२९४५०</td></tr>
<tr><td>नगरपालिका चालु</td><td>२१२-२०७५/१२/०५</td><td>स.प्र.बल कडखोना</td><td>पम्प मोटर ट्याङकी</td><td>४७३४७</td></tr>
<tr><td>नगरपालिका चालु</td><td>२८७-२०७६/०२/१५</td><td>ई.प्र. कडखोना</td><td>सौचालय मर्मत</td><td>१२०००</td></tr>
<tr><td>नगरपालिका चालु</td><td>१७२-२०७५/११/०३</td><td>स्पोर्ट एकेडेमी</td><td>फुटवल टुनामेन्ट</td><td>५००००</td></tr>
<tr><td>नगरपालिका चालु</td><td>४२५-२०७५/०३/३१</td><td>सबल नेपाल किसोरी क्रिकेट खेल एस.पी.एल</td><td>खेल सामाग्री</td><td>३९००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५२.</td><td>बस्तु वा सेवाको करारमा मुअकर :-मुअकर नियमावली, २०५३ को नियम (६ग)मा सरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तरगत आपुर्तिहुने बस्तु वा सेवा वा बस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाइ भुक्तानी गर्दा निजलाइ भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामवाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गरी बाकी रहने कर वापतको रकममात्र भुक्तानी गर्नुपर्ने ब्यबस्था छ ।पालिकाले नियमावली लागू भएको २०७६ जेठ १५ पछिको देहायको ठेक्का सम्झौता वा करारको भुक्तानीमा कर रकमको पचास प्रतिशत हुन आउने रकम सम्वन्धित राजश्व शिर्षकमा जम्मा भएको देखिएन । नियमावलीको सो ब्यबस्था बमोजिम भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम सम्बन्धितको नामवाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गर्नु पर्ने रु
<table>
<tr><th>ब.उ.शि. नंवर</th><th>गो.भौ.नं. र मिति</th><th>आपुर्तिकताको नाम</th><th>बिबरण</th><th>भुक्तानी मुअकर रकम</th><th>जम्मा नभएको रकम</th></tr>
<tr><td rowspan="3">समानिकरण चालु</td><td>३५७-२०७६/०३/१९</td><td>ए.वि.सि. नन. ओमन झोला उद्योग एण्ड सिप विकास प्रशिक्षण केन्द्र</td><td>गुडीया बनाउने तालिम</td><td>४०२६५.४९</td><td>२०१३२.७४</td></tr>
<tr><td>३९१-२०७६/०३/२५</td><td>युथ केयर नेपाल</td><td>योजना छनौट तालिम</td><td>३४५१३</td><td>१७२६५</td></tr>
<tr><td>४४८-</td><td>शैक्षिक परामर्श सेवा केन्द्र</td><td>राजस्व लेखा बेरुजु तालिम</td><td>२८७६१</td><td>१४३८०.५३</td></tr>
</table></td><td>१४६००२.६५</td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | २०७६/०३/३१ | | | | |
| | ३६३-२०७६/०३/२२ | फुलबारी इन्जिनिरङ्ग प्रा.लि | कम्प्यूटर तालिम | ५०७५१.७६ | २५३७५.८८ |
| | १०९-२०७६/०३/२९ | उपमन्यू परामर्श सेवा | उर्जा समन्धि संभाव्यता अध्ययन | ३४४५० | १७२२५ |
| | ४५०-२०७६/०३/३१ | समाज बिकास कृयासिल नेपाल | पुर्व सहकारी तालिम | ४५९५५ | २२९७७.५० |
| | ३९०-२०७६/०३/२५ | बारर्बर्दिया इन्जिनियरीङ्ग कन्सल्टेन्ट प्रा.लि. | PIS Management System | ४७२९२ | २८६४६ |
| | | | जम्मा | २८१९८८.२५ | १४६००२.६५ |

५३. **प्रतिस्पर्धा बेगर खरिद :-** १४८,१४९-२०७५।१०।१८ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु. ५ लाख भन्दा बढीको सामान सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले रु. ८३९९०६.०० मुल्यका १२० थान लेडिज साइकल खरिद गर्दा सिलबन्दी दरभाउपत्रबाट प्रतिस्पर्धा गराई खरिद गर्नुपर्नेमा अम्बिका सप्लायर्स एण्ड ट्रेडर्सको बिजक नं. ९-२०७५।०९।०९ बाट ६० थान तथा सुरज ट्रेडर्स एण्ड सप्लायर्स लहानको बिजक नं. १-२०७५।१०।१६ बाट ६० गरी १२० थान साइकल २ टुक्रामा सोझै खरिद गरेको पाइयो । नियमावलीमा भएको व्यवस्था विपरीत गरेको खरिद कार्य नियमित नदेखिएको सम्वन्धमा छलफल हुदा टुक्रा पारेको नभई योजना नं ४ र ११ गरी २ स्थानमा नगर सभाले योजना समावेस गरी कक्षा ११ र १२ तथा कक्षा ९ र १० का विद्यार्थीलाई साईकल वितरण गर्ने कार्यक्रम राखेको कारण खरिद गर्नु परेको हो । खरिद गरिएका १२० मध्ये १०८ वटा मात्र सम्वन्धित विद्याथीलाई वुझाएको भरपाइ पेश भएको छ । बाकी १२ थान स्टोर मौज्दातमै रहेकोले वितरण गरी भरपाई पेश हुनु पर्ने रु. — ८३९९०.००

५४. **नन्फाईलर :-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक कुनै वस्तु वा सेवाको आपुर्ति गर्दा प्रापकलाई कर विजक दिनुपर्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्ने ब्यबस्था छ । तोकिएको अबधिमा आपूर्तिकर्ताले मूल्य अभिवृद्धि कर दाखिला गरी करदाता ACTIVEरहनुपर्नेमा IRD Portal मा गइ PAN Search गर्दा करदाता देहाय बमोजिम अबधि देखि ननफाइलर देखिएको छ । त्यस्तै बिजक नं. बेगरको बिलबाट समेट मुअ.कर भुक्तानी गरेको छन् । अतः नन्फाइलर करदातालाई मूल्य अभिवृद्धि कर भुक्तानी दिदा राजश्व खातामा दाखिला नहुने हुदा मू. अ. कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु. — १६९६११.००

| ब उ. शि. नं. | गोश्वरा भौचर नंबर | कार्य | आपुर्तिकर्ता | विजक नंबर मिति | मुअकर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| समानीकरण चालु | १८-२०७५/०६/१२ | सफ्टवेयर आपूर्ति | संग्रिला माइको सिस्टम | १९-२०७६/०६/१२ | ५१५७८ | २०७५ असार देखि |
| | ४५७-२०७६/०३/३१ | तालिम | समाज विकास कृयासिल नेपाल | ...-२०७६/०३/२५ | ४५९५५ | विजक नं. उल्लेख नभएको |
| | ४५९-२०७६/०३/३१ | तालिम | समाज विकास कृयासिल नेपाल | ...-२०७६/०३/२५ | ४०२३५ | |
| ८०२१५४०८५०१(संघिय सरकारबाट हस्तान्तरीत कार्यक्रम) | ७-२०७६/०३/३१ | कृषिका सामाग्री खरिद | साई बाँबा हार्डवेयर, लहान | ३१५-२०७६/०२/२१ | ३११३ | २०७६ असार |
| | | | | ५०९-२०७६/०३/१० | ३९५५ | २०७६ असार |
| | | | | ३५९-२०७६/०२/२४ | ३९५५ | २०७६ असार |
| | | | | ५७१-२०७६/०३/१० | ३८५२ | २०७६ असार |
| | | | | ३६१-२०७६/०२/२५ | ९११३ | २०७६ असार |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | १०१-२०७५/१२/१६ | ७८५५ | २०७६ असार |
| | | | जम्मा | | १६९६११ | |

**५५.** **ब.उ.शि.नं. ८०१७६९३ (अन्तर सरकारी वित्तिय हस्तान्तरण) पुंजीगत**

**हेभी मेशीनबाट कार्य गराएको :-** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९६ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीब्यूटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न सकिने छैन भन्ने व्यवस्था गरेको छ । तर कार्यालय सँग सम्झौता गरी वाटो निर्माण र मर्मत गर्ने उपभोक्ता समितिहरुले विभिन्न निर्माण व्यवसायहरु सँग एक्साभेटर, लोडर, जे.सी.वी., बकेट भाडामा लिई निर्माण/मर्मत गरेको छ । नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा देखिएका केही योजनामा एक्साभेटर, डोजर तथा जे.सी.वी.प्रयोग गरी उपभोक्ता समितिले भुक्तानी लिएको रकम अनियमित भएको रु.

| गो.भौ.नं. र मिति | योजनाको नाम | स्काभेटर,डोजर भाडामा दिने आपुर्तक | भाडा अवधी | कार्यालयको अनुदान | भाडा बापत भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ६०-२०७६/०१/२७ | पानी संकलन तथा पोखरी नि.उ.स. | ओम जबेशाय कन्स्ट्रक्सन प्रा.लि. | १२० घण्टा | २३१४४९७ | ६५९९२० |
| १०९-२०७६/०२/२९ | सगरमाथा राजमार्ग विरनगर सडक नि.उ.स. ४ | जे.एण्ड जेड कन्स्ट्रक्सन प्रा.ली. | १५१ घण्टा | | ३०३०१५ |
| | | | २८२ घण्टा | २४७२०९३ | ५६४०२८ |
| २९३-२०७६/०३/३१ | सगरमाथा राजमार्ग विरनगर सडक नि.उ.स. ४ | जे.एण्ड जेड कन्स्ट्रक्सन प्रा.ली. | १७० घण्टा | २०२३५३४ | ३८४२०० |
| | | | जम्मा | | १९१११६३ |

बेरुजू रकम: १९१११६३.००

**५६.** **योजना संचालन :-** वडा नं. १० मा विद्युत संरचना निर्माण कार्यकोलागि नगर स्तरीय बजेट रु. २३ लाख विनियोजन भएकोमा ।रु. २४७८८८८.०० को ल.ई. तयार गरी १०।२४ मा कार्यलयले रु. २२३१०००.०० व्यहोर्ने गरी ग्रामीण विद्युतीकरण उ.स. १० सँग सम्झौता गरी प्रथम रनिङ्ग बिलको रु. २४७८८८८.०० भुक्तानी गरी सके पछि पुनः सोही उ.स. सँग वडा स्तरीय योजना रु. ५७४०००.०० थप गरी रु. ३०९७७२६.०० को ल.ई. तयार गरी जेष्ठ १७ गते पुनः सोही उ.स. सँग सम्झौता गरेको छ । जेष्ठमा सम्झौता गर्दा कार्य शुरु हुने मिति २०७५।१०।२४ देखि २०७६।०३।०५ सम्म हुने उल्लेख गरको छ । एउटै कार्य एउटै उ.स. सँग पटक पटक लागत अनुमान परीवर्तन गर्दै सम्झौता गर्ने र थप बजेट भुक्तानी गर्दै जाने कार्यमा नियन्त्रण हुनु पर्दछ । यस्तै रकसाहा इनार निर्माण उ.स.२ सँग पनि खा.पा. संरचना निर्माणको लागि शुरु लागत रु. १०७८११०.०० को सम्झौता २०७५।११।२१ मा गरी सकेपछि पुनः २०७६।०१।१९ मा सोही कार्यको लागि रु. २६९४७६५.९२ को लागात अनुमान तयार गरी अर्को सम्झौता समेतबाट रु. २४७९५२७.०० भुक्तानी गरेको छ । बैशाख १९ मा गरेको सम्झौतामा २०७५।११।२१ देखि कार्य शुरु गरी जेष्ठ २५ मा सक्नु पर्ने गरी कार्यदेश दिएको छ ।

**५७.** **विद्युतीकरण कार्य :-**सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९६ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्य लोडर एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीब्यूटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न तथा अन्य आपुर्तकबाट कार्य गराउन सकिने छैन भन्ने व्यवस्था गरेको छ । तर कार्यालय सँग सम्झौता गरी विद्युतिकरण तथा खानेपानी आपूर्ति कार्य उपभोक्ता समितिहरुले विभिन्न आपुर्तकहरुसँग कार्य गराएको विजक सम्लग्न गरी कार्य सम्पन्न गरेका छन । कतिपय उपभोक्ता समितिले कार्यालयबाट सम्झौता बमोजिम प्राप्त गर्ने अनुदान रकम भन्दा बढी रकमको विल विजक पेश गरेका छन् । आपूर्तकले विजक जारी गर्दा असूल गरेको मु.अ.कर सम्बन्धीत आन्तरिक राजस्व कार्यलयमा दाखिला गरेको समेत देखिएन । नमूना छनोटको आधारमा लेखापरीक्षण गर्दा देखिएका केही योजनामा आपुर्तकको विजक.प्रयोग गरी उपभोक्ता समितिले भुक्तानी लिएको रकम अनियमित भएको रु.

| गो.भौ.नं. र मिति | उ.स.को नाम | काम | भुक्तानी रकम | आपूर्तकको नाम | सामानको विवरण | रकम |
|---|---|---|---|---|---|---|
| १५- | दौलतपुर | विद्युतीकरण | २२०२५८४ | राजदेवी | ५ थान विल बाट | १६२८७०५ |

बेरुजू रकम: १०८८५७५८.००

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०७५/०८/२७ | विदुतीकरण उ.स. | | | इलेक्ट्रीक हाउस | | |
| २९९-२०७६/०३/३१ | | | ६०५०६९ | | २ थान विल बाट | ९४८२३७ |
| जम्मा | | | | | | २५७६९४२ |
| ५२-२०७६/०१/१२ | ग्रामीण विद्युतीकरण उ.स. १० | विद्युत संरचना निर्माण | १६६५८८४ | गणीता ट्रेडर्स एण्ड सप्लायर्स | ५ थान विलबाट | १५०५२६२ |
| ३१४-२०७६/०३/३१ | | | १२०८००० | | २ थान विलबाट | ७१४७१३ |
| जम्मा | | | | | | २२१९९७५ |
| ८२-२०७६/०२/०९ | रक्साहा इनार निर्माण उ.स. १० | खा.पा. संरचना निर्माण | १०६४०६९ | आर.डि.इन्टरप्रा ईजेजको | ७ थान विलबाट | ५३४१३१ |
| २३७-२०७६/०३/३१ | | | १४१५४५८ | | ४ थान विलबाट | ४२९१७९ |
| जम्मा | | | | | | ९६३३१० |
| ८४-२०७६/०२/१४ | ग्रामिण विद्युतीकरण उ.स. ३ | विदुत संरचना निर्माण | १८२५८४८ | कन्क्रेटेक्स नेपाल ४ आपूर्तको | ५ थान बिलबाट | १८२५६०८ |
| १९७-२०७६/०३/२७ | | | ८५१५४२ | | ४ थान बिलबाट | १२९१५८१ |
| जम्मा | | | | | | ३११७१८९ |
| १४३-२०७६/०३/११ | पिप्रा पश्चिम विद्युत उ.स.१ | वडा नं. १ मा विद्युतीकरण | १५५०९७२ | सोहन इलेक्ट्रीक्स | ४ थान बिलबाट | १५३४२३८ |
| २४७-२०७६/०३/३१ | | | ४४७३१८ | | | |
| २०६-२०७६/०३/२७ | मुसहरनिया विद्युतीकरण उ.स. ८ | वडा ८ र ११ मा विद्युतीकरण | ६९९५६५ | एल के ट्रेडिङ्ग बाट १२ थान पोल समेत ८ आइटम | | ४७४१०४ |
| कुल जम्मा | | | | | | १०८८५७५८ |

| | | |
|---|---|---|
| ५८. | **चापाकल वितरण :-** १७६-२०७६।०३।२३ एल.आर. एण्ड ट्रेडर्सको विजक नं. १५ मिति २०७६।०३।१४ बाट ३ सेट चापाकल प्रति सेट रु. ५८८४.०० का दरले खरीद गरी मु.अ.कर समेत रु. १९९४९९.०० भक्तानी गरेको छ । कुन कार्यक्रमबाट के प्रयोजनको लागि खरीद गरेकसो हो सो समेत नखुलाई खर्च हुने जि.खा.पा. नं. २१४ मा आम्दानी जनाई सोही दिन खर्च महल र बाँकी महलमा समेत ३ थान उल्लेख गरेको छ । जिन्सी खाता प्रमाणीत छैन र सो सामान वितरण समेत गरेको छैन । प्रयोजन र प्रयोगको अवस्था नखुलाइ वितरण भरपाई समेत संलग्न नराखी जिन्सी खाताबाट खर्च लेखेकोले वास्तविक खरीद भएको हो भन्न सकिएन । अत: वितरण भरपाई पेश हुनुपर्ने रु. | १९९४९९.०० |
| ५९. | **बढी डण्डी प्रयोग :** १५६-२०७६।०३।१७ र २५८-२०७६।०३।३१ मसीलाल ज.मा.वि. कुशहाको अधुरो भवन निर्माण कार्यको लागि रु. १८३२२५०.०० को ल.ई. तयार गरी पालिकाले रु. १७ लाख (निर्माणको १५ लाख र मर्मतको २ लाख) २ योजनाबाट व्यहोर्न गरी सम्झौता गरी कार्य सम्पन्नको आधारमा रु. १६४१७८८.०० भूक्तानी गरेको छ । श्रेस्ता साथ सम्लग्न कार्य सम्पन्नमा Reinforeement को कार्य ७४२.०९ के.जी. प्रति केजी रु. ११०.६५ का दरले रु. ८२११२.३६ भुक्तानी भएको छ । संलग्न श्रेष्ता परीक्षण गर्दा ३५९ के.जी मात्र डण्डी खरीद गरेको देखियो । खरीद नै नगरेको डण्डी प्रयोग भएको सम्बन्धमा आवश्यक छानविन गरी नापी मा बढी देखाएको ३८३.०९ केजी को रु. ११०.६५ का दरले बढी भुक्तानी भएको रु. | ४२३८८.९० |
| ६०. | **विना प्रतिस्पर्धा खरिद:** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ले साथै नियम ८४ मा रू.५ लाख देखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा वोलपत्र एवं सिलवन्दी दरभाउपत्रवाट खरिद नगरि रु.७४ लाख ८९ हजारका सामान २३ पटक सोझै खरीद गरेको पाइयो । खरीद कार्य गर्दा नियमको पालना नभएकोले | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

अनियमित भएको सम्वन्धमा छलफल हुदा विभिन्न वडा कार्यालयहरुको योजनामा समावेस गरेको र वडाको मागको आधारमा सामान खरिद गर्दा टुक्रा गर्नु परेको व्यहोरा प्राप्त भयो ।

| सि.नं | गो.भौ.नं. र मिति | आपुर्तक | विवरण | खरिद रकम |
|---|---|---|---|---|
| १. | ४-२०७५/०६/१९ | संजय सप्लायर्स | एस.टी. कार्पेट समेट ५ आइटम | ४३७१६८.०० |
| २. | ६-२०७५/०६/२६ | सूर्य रोशनी इन्डष्ट्रियल प्रा.लि. | प्रिन्टर ११ थान | ३६८५००.०० |
| ३. | ६-२०७५/०६/२६ | आरसनव इन्टरप्राइजेज | ल्याप्टप २ थान | १८८८७५.०० |
| ४. | १४-२०७५/०८/२५ | आर.के. सप्लायर्स | थ्रि सिटर चियर | २७४१०४.१० |
| ५. | १६-२०७५/०९/०२ | इन्टरफेस आई.टी. सोलुसन | कम्प्यूटर २ सेट समेट १३ आइटम | ४९९६४७.०० |
| ६. | १७-२०७५/०९/०२ | यू पवन सप्लायर्स | मिटिङ्ग टेबुल | ४७७२२७.०० |
| ७. | १७-२०७५/०९/०२ | निरज स्टील फर्निचर उद्योग | अफिस दराज समेट ७ आइटम | ४४०२७६.२५ |
| ८. | १८-२०७५/०९/०२ | एस.पी ट्रेडर्स एण्ड सप्लायर्स | यू.पि.एस समेट ५ आइटम | ३८४७६३.०० |
| ९. | १९-२०७५/०९/०२ | न्यू.एस.पी. ट्रेडर्स | यू.पि.एस समेट ५ आइटम | ४१५११४.०० |
| १०. | २०-२०७५/०९/०२ | लाहान अफिस अटोमेसन | पापवर सप्लायर्स समेट ४ आइटम | १९३०६०.०० |
| ११. | २१-२०७५/०९/०६ | न्यू प्रकाश ट्रेडर्स एण्ड सप्लायर्स | सोला समेट ४ आईटम | ३९९६५२.०० |
| १२. | २६-२०७५/१०/२८ | न्यू श्री मेघा सप्लायर्स | क्यानन फोटोकपी समेट ११ थान | ४३४४२८.५४ |
| १३. | ३१-२०७५/११/३० | न्यू एस.पी ट्रेडर्स | सोला समेट २ आइटम | ५४५२०.०० |
| १४. | १३६-२०७६/०३/०९ | ए.आर. ट्रेडर्स एण्ड सप्लायर्स | डेक्कटप १ सेत समेत ५ आइटम | १७४४७२.०० |
| १५. | १३७-२०७६/०३/११ | निरज ट्रेडर्स एण्ड सप्लायर्स | चेयर समेत ६ आइटम | १३१३७९.०११७ |
| १६. | १३७-२०७६/०३/११ | निरज ट्रेडर्स एण्ड सप्लायर्स | कार्पेट ११२ मीटर समेत ३ आइटम | ११७८३६.४० |
| १७. | १८०-२०७६/०३/२३ | कौशल ट्रेडर्स एण्ड सप्लायर्स | ६५ थाना डष्टविन | ४९९८४९.२८ |
| १८. | २५९-२०७६/०३/३१ | न्यू निरज स्टील फर्निचर | अफिस दराज समेट ५ आइटम | ३९९८७८.०० |
| १९. | २८२-२०७६/०३/३१ | कानून इनटरप्राइजेज | बककेस समेट १२ आइटम | २३४१६४.२५ |
| २०. | २८२-२०७६/०३/३१ | कानून इनटरप्राइजेज | अफिस दराज समेत ४ आइटम | २६५५५०.०० |
| २१. | २८३-२०७६/०३/३१ | लहान अफिस अटोमेसन सेन्टर | डेल ल्यापटप वडा ६ को लागि | १०००००.०० |
| २२. | ३१०-२०७६/०३/३१ | माँ कमला माई ट्रेडर्स एण्ड सप्लायर्स | ल्यापटप ४ थान समेत | ४९९४६०.०० |
| २३. | ३१०-२०७६/०३/३१ | मेघ इन्फोसेस | डेस्कटप कम्प्यूटर ५ सेट समेत | ४९९७८०.०० |
| | | | जम्मा | ७४८९७०३.८३ |

६१. **बाखा/बोका वितरण :-** ११२-२०७६।०२।३० राष्ट्रपती चुरे कार्यक्रम अन्तरगत वडा नं. २ मा बधुवा प्रणालीका २० थान बाखा प्रतिगोटा रु. १६०००.०० का दरले र २ बोका प्रतिगोटा रु. ३६०००.०० का दरले खरीद गरी गोष्ठी वितरण समेत कूल रु. ४५००००.०० बजेट रहेको अवस्थामाा खादर्श बहुमुखी दुग्ध उत्पादक सहकारी संस्था लि. मार्पत वितरण गरेकोभनिएकोमा बाखाको विमा तथा गुणस्तर परीक्षण प्रमाण समेत संलग्न नगरी जाग्रिती पशु पालन उ.स. लाई रु. ४४५५५०.०० भुक्तानी गरेको छ । अतः गुणस्तर परीक्षण गरी ट्याग लगाई ट्याग नम्बर सहित बाखा तथा बोका प्राप्त गर्ने कृषकको अभिलेख राखी समय समयमा अनुगमन गरीनु पर्दछ ।

६२. **उपभोक्ताको बिल भरपाई :-** उपभोक्ता समूहले गरेको कार्यमा एकमुष्ट खर्च विवरण लाई नै भरपाई मानी सामान खरिदको बिल, डोरहाजिरको विवरण (ज्यामीको), पारीश्रमीकको विवरण संलग्न नगरी भुक्तानी गर्ने गरेको छ । यसमा नियन्त्रण तथा सुधार हुनु पर्दछ । केही उदाहरण

| गो.भौ.नं. र मिति | उ.स.को नाम | कार्य | भुक्तानी रकम | भरपाई बाछ भुक्तानी रकमको विवरण | रकम |
|---|---|---|---|---|---|
| २५-२०७५/१२/११ | डिहवार बाबा माटो तथा ग्राभ्रेल उ.स.९ | कदमाहा-टिकुलिया सडकमा माटो तथा ग्राभृल भर्ने कार्य वडा ९ मा | ७१५१२७ | माटो ढुवानी-५६६ ट्रिप | ८४९०० |
| | | | | लोड अनलोड-५६६ ट्रिप | ८४९०० |
| | | | | माटो खरीद -५६६ ट्रिप | १४१५०० |
| | | | | ड्राइभर पारीश्रमिक -५६६ ट्रिप | ८४९०० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | जम्मा | ३९६२०० |
| २७-२०७५/१२/११ | खैजनपुर मज्जाका राजाजी ग्रामीण सडक उ.स. | खैजानपुर मज्जाका सडक स्तरउन्नती | १७५२१३२ | माटो ढुवानी-१२३ ट्रिप | ६१५०० |
| | | | | माटो ढुवानी-५५० ट्रिप | २७५००० |
| | | | | | २७५००० |
| | | | | | २७५००० |
| | | | | | २७५००० |
| | | | | | ७८१२०० |
| | | | | डोर हाजिर | ७८१२०० |
| | | | | जम्मा | २७२३९०० |
| ३८-२०७५/१२/११ | वडा कार्यालय देखि विद्यालय सम्म बाटो निर्माण कार्य उ.स.१० | माटो तथा ग्राभेल वडा १० | ६५२२६५ | माटो ढुवानी ९ वटा भरपाई बाट | ६४१००० |
| ३९-२०७५/१२/११ | डगर बाटो मर्मत सुधार उ.स.१ | तक्रबहादुरको घर हुदै डहर सम्म बाटो विस्तार तथा ग्राभेल | ३११६९८ | माटो ढुवानी ५ वटा भरपाई बाट | २५५००० |
| ४७-२०७६/०१/१२ | माउवाडी सडक उ.स.११ | माउवाडी-महेशपुर हुँदै धाटी टोल सम्म माटो हेमपाइप र पक्की नाला | ५८२०७८ | माटो ढुवानी ५ वटा भरपाई बाट | ४५०००० |

६३. **विवरण नखुलाएको :-** ठेक्का बिल, नापी किताब र कार्य सम्पन्न प्रतिवेदनमा खुलाउनु पर्ने आवश्यक निम्नानुसार विवरण अधिकांश उ.स. मार्फत गरिएका निर्माण कार्यमा उल्लेख गर्ने गरेको छैन । निम्न विवरण उल्लेख नगर्दा कुन योजनाको ल.ई. कति थियो, कार्य सम्पन्न कती रकममा भयो कहिले कार्य शुरु गरी कहिले सम्पन्न हुने हो अन्तिम व्यहोरा थाहा पाउन नसकिनी हुदा वास्तविक योजनामा नै कार्य भएको हो भन्न सकिएन अत: आवश्यक विवरण उल्लेख गर्नु पर्दछ । उल्लेख हुनु पर्ने विवरणहरु

**ठेक्का विलमा**

१. ठेकेदारको नाम
२. ठेक्का पट्टा संख्या
३. कार्यारम्भ आदेश
४. काम सम्पन्न गर्नुपर्ने मिति
५. काम सम्पन्न भएको मिति
६. भुक्तानी भौचर नं.
७. भुक्तानी मिति
८. अघिल्लो भुक्तानी बिलको क्रम संख्या
९. अघिल्लो भुक्तानी भौचर नं.
१०. नापी किताब नं.

**नापी किताबमा**

१. कार्य संचालन भएको मिति
२. सम्झौता भएको मिति
३. कार्य आदेश मिति
४. नापी गरेको मिति

**कार्य सम्पन्नमा**

१. इष्टेमेट रकम
२. मूल्यांकन रकम
३. इष्टेमेट भन्दा घटी बढी रकम र प्रतिशत
४. काम शुरु गरेको मिति
५. सम्पन्न भएको मिति
६. नापि किताब नं. र पेज नं.

६४. **कन्टिजेन्सी खर्च** : आयोजना संचालनमा उपभोक्ता समितिलाई जानुपर्ने रकम मध्ये ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी भूक्तानी गरेको अवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा २५४ वटा योजनाबाट संकलन भएको रु. ४४९४३७३.०० मध्ये विभिन्न मितिको ७ वटा गोश्वारा भौचरबाट रु ११३६९५१.०० खर्च गरेको छ । योजना

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अनुगमन, कार्यालयको काम, योजना सर्भेक्षण, मर्मत, सुचना प्रकासन र गाडी भाडा लगायतका कार्यमा उक्त रकम खर्च गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम कन्टिन्जेन्सीको रकम खर्च गर्दा ५० प्रतिशत पूँजीगत र ५० प्रतिशत चालु प्रकृतिको खर्च लेख्नुपर्नेमा सो प्रक्रिया अवलम्वन गरेको देखिएन । यसरी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गरिनुपर्दछ । | |
| ६५. | **मु.अ.कर :-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक कुनै वस्तु वा सेवाको आपुर्ति गर्दा प्रापकलाई कर विजक दिनुपर्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्ने ब्यबस्था छ । निम्नानुसार आर्पुतकले प्रिन्टेड बिजक जारी नगरेको तथा नन फाइलर भएको अवस्थामा मूल्य अभिवृद्धि कर भुक्तानी दिएको छ । उक्त मु.अ.कर राजश्व खातामा दाखिला हुन नसक्ने हुदा मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु. | २६९२४४.५६ |

| गो.भौ.नं. र मिति | आपुर्तक | विवरण | बि.नं. र मिति | भुक्तानी रकम | मु.अ.कर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ६-२०७५/०६/२६ | सूर्य रोशनी इन्डष्ट्रियल प्रा.लि. | प्रिन्टर ११ थान | ६४७ | ३६८५००.०० | ४२३९४.०० | मिति बेगर |
| ६-२०७५/०६/२६ | आरसनव इन्टरप्राइजेज | ल्याप्टप २ थान | ६९५ | १८८८७५.०० | २१७२८.०० | मिति बेगर |
| १७-२०७५/०९/०२ | यू पवन सप्लायर्स | मिटिङ्ग टेबुल | २०७५/०८/०२ | ४७७२२७.०० | ५४९०२.०० | नम्बर बेगर |
| ३१-२०७५/११/३० | न्यू एस.पी ट्रेडर्स | सोला समेट २ आइटम | १८-२०७५/११/०७ | ५४५२०.०० | ६२७२.२१ | हस्त लिखित नम्बर |
| १०९-२०७६/०२/२९ | जे एण्ड जेड कन्स्ट्रक्सन एण्डसप्लायर्स प्रा.ली. | सडक निर्माण उपभोक्ता समिति - ४ | १२२-२०७६/०२/१६ | ३०३०१५ | ३४८६०.१५ | २०७५ भाद्र देखि |
| | | | १०५-२०७६/०२/१५ | ५६४०२८ | ६४८८८.२० | |
| | | | १२९-२०७६/०३/१० | ३८४२०० | ४४२००.०० | |
| | | | **जम्मा** | | **२६९२४४.५६** | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६६. | **ब.उ.शि.नं. ३६५१६०३ स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम**<br>संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्विकृत कार्यक्रम अनुसार स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम संचालन कार्यविधि नियमावली २०७५ अनुसार नगरपालिका र गाउपालिकाबाट छनोट भई पेश भएका योजनाहरुको भुक्तानीको लागि रु. ९९ लाख ६० हजार बजेट विनियोजन भएकोमा जिल्ला विकास समितिको पत्रानुसार निम्न योजनालाई निम्नानुसार बजेट विनियोजन भएकोमा रु. ९१,३०,९००.०० खर्च भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् । | |

| योजनाको नाम | उ.स.को नाम | बजेट | खर्च | लागत अनुमान | कार्य सम्पन्न रकम |
|---|---|---|---|---|---|
| दारुल उलुम इस्लाम मियाँ मदर्सा वडा नं. ५ | स्लामीक मदरसा उ.स.-५ | १० लाख | ८२३७९४ | १०९४५१५ | ८६२२७०.५३ |
| वडा नं. ५ बहुउद्देश्य कर्भड हल डिजाईन सहित निर्माण | बहुउद्देश्य कभर्ड हल नि.उ.स.-५ | ५० लाख | ४९८६९५३ | ५६६२७१६.०६ | ५४७९५२६.३६ |
| - वडा नं. ८ शम्शेरपुर गाउँको धातीबजारको खेल मैदानलाई माटो<br>- फिलीङ्ग पूर्व तिरबाट घेरा लगाउने मर्मत सम्भार र फिल्डलाई संरक्षण | धाती खेल मैदान बाटो फिलिङ्ग नि.उ.स.-८ | १० लाख | ९९९९४४ | १०९४५८२ | …….. |
| वडा नं. १ महिला विकास केन्द्र सामाजिक भवन निर्माण | संसदिय विकास कोष भवन नि.उ.स.-१ | १४.६० लाख | १३४९१७२ | १४९७९४६.३८ | १४८९०३१.१८ |
| वडा नं. १० बाल विकास केन्द्र पुरानो | बाल विकास केन्द्र | १५ लाख | ९७१०३७ | १६४२१३३.५२ | १०६२९८५.५३ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| गा.वि.स. वडा नं. ४ थलहा मलहाटोल | भवन नि.उ.स.-४ | | | | |
| जम्मा | | ९९.६ लाख | ९१३०९०० | १०९९१८९२.९६ | ९७५६०८४.१३ |

६६.१. उपरोक्त मध्ये बहुउद्वेश्य कर्भडहल डिजाइन सहित निर्माणको लागि रु. ५१ लाख बजेट विनियोजन भएकोमा रु. ५६६२७१६.०६ को लागत अनुमान तयार गरी कार्यालयको तर्फबाट रु. ५०९६४४४.४५ भुक्तानी गर्ने गरी बहुउद्वेश्य कभर्ड हल निर्माण उ.स. सँग २०७६।०१।१२ मा सम्झौता गरी २०७६।०२।२५ मा सक्ने गरी कार्यादेश दिएको छ । उक्त कभर्डहलको डिजाइन नगरी पुरै रकम निर्माण कार्यमा खर्च गरेको छ । कभर्ड हलको आधा कार्यको मात्र ल.ई. तयार गरी सोही अनुसार कार्य पूरा नभएको अवस्थामा रु. ५४७९५२६.३६ को मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी २ किस्तामा रु. ४९८६९५३.०० भुक्तानी गरेको छ । कार्य सम्पन्न प्रतिवेदन अनुसार Steel Reinforcement bar (डण्डी) को कार्य ४.३४ मेट्रिक टन प्रयोग भएको भनी प्रति मे.टन रु. ११०६५०.०० का दरले रु. ४८०१५६.२५ भुक्तानी गरेको छ । श्रेष्ता परीक्षण गर्दा धनन्जय ट्रेडर्स एण्ड सप्लायर्सको विजक २८६-२०७६।०३।२१ बाट विभिन्न साइजको ४.५७१ मे.टन खरीद गरेको देखिन्छ । अत: खरीद गरेको मध्ये ०.२३१ मे.टनको खरीद दर रु. ७०.०० ले रु. २५५६०.१५ बराबरको डण्डी उपभोक्ता समिति सँग मौज्दात रहेको प्रमाण पेश हुनु पर्दछ । प्रयोग भएको भन्दा बढी खरिद गरी बिल पेश गरी बढी भुक्तानी भएको रु . — बेरुजू: २५५६०.१५



**फोटो 1रु. ५४७९५२६.३६ मा तयार गरेको कभर्ड हलको अवस्था ।**

६७. **ब.उ.शि.नं. तराई मधेश समृद्धि कार्यक्रम**

यस कार्यक्रम संचालनकोलागि प्राप्त वजेट रु २ करोड ८५ लाख वाट जनता मा.वी सिसुवारीको भवन निर्माण सहित निम्न ६ कार्यक्रमको लागि अख्तियारी प्राप्त भएकोमा निम्नानुसार ५ वटा कार्यक्रम मात्र संचालन गरी रु. १७८७००३१.०० खर्च गरेको छ । यस सम्बधमा देखेको व्यहोरा निम्नानुसार छ ।

| सि.नं | कार्यक्रमको नाम | प्रस्तावित बजेट | खर्च रकम |
|---|---|---|---|
| १. | आँप प्रशोधन केन्द्र भवन निर्माण सु.न.पा.६ | ५०००००० .०० | ३५९००८५.०० |
| २. | ज.मा.वि. सिसुवारी भवन निर्माण सु.न.पा.१ | ५०००००० .०० | ४९९२७३१.०० |
